नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२००५११

४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-४/०७६/७७

च.नं. :- ३८८

मिति :- २०७६/१२/०६

श्री स्थानीय तह (सबै) ।

विषयः- कोरोना भाइरस (C0VID-19) को रोकथाम तथा नियन्त्रण लागि स्वयंसेवक परिचालन गर्ने गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २०५ मिति २०७६/१२/०२ को **कोरोना भाइरस (C0VID-19) को रोकथाम तथा नियन्त्रण लागि स्वयंसेवक परिचालन गर्ने गराउने** सम्बन्धी पत्राचार गरिदिने सम्बन्धमा लेखिएको प्रास पत्र संलग्न छ । सो सम्बन्धमा पत्रबाटै थप व्यहोरा अवगत गर्नुभई सोही अनुसार आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

..............

(चिरन्जीवी नेपाल)

शाखा अधिकृत

वोधार्थ :

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

दर्ता १०६८ ७२१४

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

प्र. मामिला-२८

Visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या:-

चलानी नं.:- २०५

स्थानीय तह ... दर्ता नं.:- ६४८ मिति:- ०६६।१२।०८

शिक्षा, विज्ञान ... सिंहदरबार, ... दर्ता नं.:- ११५१० २०७६।१२।३

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति: २०७६।१२।०२

**विषय: कोरोना भारइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि स्वयंसेवक परिचालन गर्न गराउन स्थानीय तहहरूलाई पत्राचार गरिदिने सम्बन्धमा ।**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार ।**

स्थानीय ... १२।२

विश्वव्यापी महामारीका रूपमा संक्रमित कोरोना भारइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि नेपालमा यसको संक्रमण भित्रन र फैलिन नदिन तथा संकास्पद व्यक्तिहरूको निगरानी र उपचारको समेत व्यवस्था मिलाउने सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।११।२८ को निर्णयानुसार प्रत्येक स्थानीय तह तथा वडाहरूमा संलग्न विवरण बमोजिम स्थानीय समन्वय समितिको गठन गर्ने गराउने व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ३०१ मिति २०७६।११।२८ को संलग्न पत्रबाट तहाँ मन्त्रालयमा पठाइसकिएको व्यहोरा अनुरोध छ ।

सोही सन्दर्भमा मिति २०७६।११।३० मा शिक्षा, विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरीय संयुक्त बैठकबाट कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि जनचेतना तथा निगरानीमा सहयोग गर्न चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पदाधिकारीहरू सदस्य रहने गरी स्वयंसेवक परिचालन समिति गठन भएको र सो स्वयंसेवक परिचालन समितिबाट मिति २०७६।११।३० मा देहाय बमोजिमको कार्ययोजना बमोजिम स्वयंसेवक परिचालनका लागि सिफारिस गरेको हुँदा सिफारिस बमोजिम स्वयंसेवक परिचालन गर्ने गराउने व्यवस्थाका लागि तहाँ मन्त्रालयबाट सबै स्थानीय तहहरूलाई पत्राचार गरिदिनुहुन यस मन्त्रालयको मिति २०७६।१२।२ को निर्णयानुसार अनुरोध छ ।

(लक्ष्मीकुमार खड्का)
उपसचिव

**बोधार्थ:**

**श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ ।**

**श्री चिकित्सा शिक्षा आयोग, सानोठिमी ।**

श्री अनुजी ... ७२१४

फोन नं.:

वेबसाइट: www.moest.gov.np

निर्णय नं १

विश्वव्यापी महामारीका रूपमा संक्रमित कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि नेपालमा यसको संक्रमण भित्रन र फैलिन नदिन तथा संकास्पद व्यक्तिहरूको निगरानी र उपचारको समेत व्यवस्था मिलाउने सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।११।२८ को निर्णयानुसार प्रत्येक स्थानीय तह तथा वडाहरूमा संलग्न विवरण बमोजिम स्थानीय समन्वय समितिको गठन गर्ने गराउने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यान्वयन गर्न पठाइसकिएको जानकारी प्राप्त भएकोले प्रत्येक स्थानीय तह तथा वडाहरूमा गठित समन्वय समिति अन्तर्गत रहने गरी देहायका संस्था, निकाय तथा व्यक्तिहरूको संलग्नता रहने गरी देहायको कार्यविवरण तथा संरचना बमोजिम स्वयंसेवक टोली गठन गरी परिचालन गर्न गराउन सिफारिस गर्नेः

(क) **स्वयंसेवक टोलीको संरचनाः** स्वास्थ्य शिक्षा सम्बद्ध शिक्षण संस्था (विश्वविद्यालय, प्रतिष्ठान, मेडिकल कलेज, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका शिक्षण संस्था), सबै प्रकारका अस्पतालहरू, नेपाल रेडक्रस, नेपाल स्काउट, महिला स्वयंसेविका सम्मिलित प्रति टोली अधिकतम् पाँचजना सम्मको स्वयंसेवक टोली परिचालन गर्ने ।

(ख) **स्वयंसेवक टोलीको कार्यविवरणः** स्थानीय तह तथा वडाहरूमा गठित समन्वय समितिलाई कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि जनचेतना तथा निगरानीमा सहयोग गर्ने ।

(ग) **शिक्षण संस्था तथा अन्य संघ संस्थाहरूको भूमिकाः** स्वयंसेवक टोली परिचालन गर्न तोकिएका शिक्षण संस्था एवम् अन्य संघ संस्थाहरूले आफ्नो सेवाक्षेत्र भित्र रहेका अधिकतम स्थानीय तह तथा वडा तहमा गठित समन्वय समितिसँग समन्वय गरी प्रत्येक स्थानीय तह र वडामा गठित समन्वय समिति अन्तर्गत परिचालन हुने स्वयंसेवक टोलीमा कम्तिमा एक जना स्वास्थ्य विषय सम्बद्ध जनशक्ति (शिक्षक/ विद्यार्थी/ कर्मचारी/ स्वयंसविका) खटाइदिने व्यवस्थाका लागि शिक्षा सम्बद्ध शिक्षण संस्था (विश्वविद्यालय, प्रतिष्ठान, मेडिकल कलेज, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका शिक्षण संस्था), सबै प्रकारका अस्पतालहरू, नेपाल रेडक्रस, नेपाल स्काउट, महिला स्वयंसेविकाहरू समावेश गर्ने, गराउने ।

(घ) **पेशागत संघ संस्थाहरूको भूमिकाः** कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि आवश्यक समन्वय तथा सहयोगका लागि स्वयं सेवक परिचालनमा सहयोग गर्न स्वास्थ्य विषय सम्बद्ध नेपाल चिकित्सक संघ, निजी मेडिकल तथा डेन्टल कलेज एसोसिएसन, नर्सिङ्ग एसोसिएसन, पब्लिक हेल्थ एसोसिएसन, सिएमए एसोसिएसन, एचए एसोसिएसन, महिला स्वयंसेविकाको आधिकारिक संघ लगायतका संघ संस्थाहरू समावेश गर्ने ।

निर्णय नं २

स्थानीय तह तथा वडाहरूमा गठित समन्वय समितिलाई कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि जनचेतना तथा निगरानीमा सहयोग गर्न स्वयंसेवक टोली गठन एवम् परिचालन सम्बन्धी व्यवस्थाको जानकारी सबै स्थानीय तहहरूलाई गराइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने ।

निर्णय नं ३

कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि आवश्यक समन्वय तथा सहयोगका लागि स्वयं सेवक परिचालनमा सहयोग गर्न शिक्षण संस्थाहरूका हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत र अन्य संघ संस्था स्वास्थ्य तथा जनसंख्या पत्राचार एवम् सार्वजनिक सूचना मार्फत अपिल गर्ने ।

निर्णय नं ४

कोरोना भारइरस (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि जनचेतना तथा निगरानीमा सहयोग गर्न गठित यस स्वयंसेवक परिचालन समितिको कार्य प्रगति समिक्षाका लागि मिति २०७६।१२।३ गते सोमबार बैठक बस्ने र सो बैठकमा सरोकारका निकायहरूलाई समेत आमन्त्रण गर्ने ।